# मध्यपुर थिमी नगरपालिका को
# प्रकोप व्यवस्थापन योजना
# (Disaster management plan)




आ.व.२०७०/२०७१

# मध्यपुर थिमी नगरपालिकाको प्रकोप व्यवस्थापन योजना

## विषय सूची


| क.सं | | पृष्ठ |
|---|---|---|
| | | |
| १ | पृष्ठभुमी | १ |
| क | मध्यपुर थिमी नगरपालिकाको संक्षिप्त परिचय | १ |
| ख | प्रकोप व्यवस्थापन कार्यक्रम | ३ |
| १ | प्रकोपको अर्थ प्रकोपका किसिम | ३ |
| २ | प्रकोप व्यवस्थापन कार्यक्रमको आवश्यकता | ३ |
| ३ | प्रकोप व्यवस्थापन कार्यक्रमको उद्देश्य | ४ |
| ४ | प्रकोप व्यवस्थापन कार्यक्रम समन्वयात्मक  रूपमा संचालन गरिने | ४ |
| ५ | मध्यपुर थिमी नगरपालिकामा प्रकोप | ४ |
| ६ | प्रकोप व्यवस्थापन पूर्वतयारी तथा प्रतिकार्य योजनाको अपेक्षित नतिजा | ५ |
| ७ | प्रकोप व्यवस्थापनमा सम्बद्ध संघ संस्था र कार्यालयहरू | ५ |
| ८ | प्रकोप ब्यबस्था योजना | ६ |
| ९ | प्रकोप ब्यबस्था सम्बन्धि तर्कबद्ध योजना | ७ |
| १० | रणनिति | ८ |
| ११ | आ.व.० ७०/०७१मा संचालन गरिने प्रकोप व्यवस्थापन सम्बन्धी कार्यक्रम | ९ |
| १२ | आ. व. ०७०/०७१ मा संचालित प्रकोप व्यवस्थापन सम्बन्धी योजना र कार्यक्रमहरूको वार्षिक कार्यतालिका | १० |

# <u>प्रकोप व्यवस्थापन योजना</u>

(Disaster management plan)

**१)पृष्ठभूमी**

प्रकोप प्राकृतिक वा मानव श्रृजित क्रियाकलापबाट हुने घटना हो । यसबाट मानब तथा जनधनको नास हुन सक्छ । प्रकोप जाखिम न्यूनिकरण गर्ने क्षमता तथा संयन्त्रहरुको लागि बिधमान साधन श्रोतको पहिचान तथा परिचालन गर्दै प्रकोप जाखिम न्यूनिकरण गर्न र संम्भाबित जनधनको क्षतिलाई रोक्न वा घटाउन सरोकारवाला पक्षहरुको संयुक्त प्रयास हुनु आबश्यकछ । यसै बिषयलाई ध्यानमा राखी भुकम्प, बाढी, पहिरो, आगलागी तथा महामारी जस्ता प्रकोपको नियन्त्रण तथा क्षतिको न्युनिकरण गर्न प्रकोपको अबस्थामा उद्धार एबं राहत तथा पूर्नस्थापना जस्ता कार्यहरु समाबेश गरि यो प्रकोप व्यवस्थापन योजना(Disaster management plan) तयार गरिएको छ ।

**<u>क :मध्यपुर थिमी नगरपालिकाको संक्षिप्त परिचय :</u>**

मध्यपुर थिमी नगरपालिका मध्यमाञ्चल विकास क्षेत्र अन्तरगत काठमाण्डौं उपत्यकामा पर्ने नगरपालिकाहरू मध्ये एक हो । काठमाण्डौ उपत्यकाको चौथो ठूलो शहर मध्यपुर थिमि, उपत्यकाका अन्य ठूला शहरहरु काठमाण्डौ, ललितपुर र भक्तपुरको मध्यमै पर्दछ । मल्लकालमा उपत्यकाका तीन ठूला राज्यहरुबीच झैझगडा भइरहंदा आफनो सामरिक स्थितिका कारण कैयौं पटक महत्वपूर्ण भूमिका निर्वाह गरेको मध्यपुर थिमिको आफनै पहिचान र इतिहास छ ।

मध्यपुर थिमिका बारेमा धेरै किसिमका किम्बदन्तीहरु जनजिब्रोमा झुण्डिएका छन् । एउटा बहुचर्चित लोकोक्ति भन्छ, थिमिका जनताले पटकपटक शत्रुबाट भक्तपुरको रक्षा गरिदिएका कारण भक्तपुरका राजाहरुले यहांका नागरिकहरुलाई “क्षमि” अर्थात् “सामर्थ्यवान् व्यक्ति” को संज्ञा दिने गरेको र पछि त्यही शव्द अपभ्रंश भएर थिमि हुन गएको हो । कालान्तरमा यसको नाम स्थानीय नेवारी भाषामा मध्यपुर र मध्यपुरी रहन गयो । चलनचल्तीको अर्को कथन अनुसार थिमि नाम यहांका जनताको शौर्यको कारणले रहन गएको हो । नेवारी भाषामा “थि” को अर्थ चम्केको र “मि” को अर्थ आगो हुन्छ । यहां जनतालाई तिनको शौर्यको कारण कसैले दबाउन नसकेको र त्यसैको कारण समायान्तरमा यसको नाम थिमि जुर्न गएको भनाइ आजकल पनि त्यतिकै चर्चाको बिषय बनिरहेको छ ।

मध्यपुर थिमि ११.४७ वर्ग किमि क्षेत्रफलमा फैलिएको छ । काठमाण्डौको सुन्धाराबाट ८ किमि पूर्व र भक्तपुरबाट ४.८ किमि पश्चिममा अवस्थित यो ऐतिहासिक कला, संस्कृति र शिल्पकारिताका कारण विश्वप्रसिद्ध छ । लिच्छवी कालमै व्यबस्थित शहरको रुपमा विकसित भइसकेको यो नगरमा हाल ४२,७२३ पुरुष र ४०,३१३ महिला गरी कूल ८३,०३६ नागरिकहरुको वसोवास छ । समुद्र सतहबाट १,३२६ मीटरमाथि रहेको यो ऐतिहासिक क्षेत्रलाई वि. सं. २०५३

चैत्र १४ गते (सन् १९९७ मार्च २७) का दिन तत्कालीन नगदेश, चपाचो, बालकुमारी, बोडे र दिव्यश्वरी गा.वि.स.हरुलाई गाभी नगरपालिकामा परिणत गरिएको हो ।

नेवारहरुको वाहुल्यता रहेका यस नगरमा भने क्षेत्री, बाहुन, राई, मगर, दमाई, सार्की र अरुहरुको पनि यहां वसोवास रहि आएको छ । पेशागत रुपले भन्नु पर्दा मध्यपुर थिमिलाई श्रृजना र शिल्पीहरुको शहर भन्दा अत्युक्ति हुंदैन । यहांका अधिकांश जनता कृषि पेशामा संलग्न छन्, यसकारण मौसम अनुसारका हरिया तरकारी र धानबालीका लहलहाउंदा बालाहरुले यहांको सौन्दर्यमा रौनक त थपिरहेकै हुन्छ, ठाउंठाउंमा सुकाउन राखिएका विभिन्न आकार प्रकारका माटाका भांडाकुंडाहरुले पनि आगन्तुकहरुलाई छुट्टै आनन्द दिइरहेको हुन्छ । आफ्नो श्रम र श्रृजनाका लागि प्रसिद्ध यो क्षेत्रले काठमाण्डौ उपत्यकालाई चाहिने हरियो तरकारीको एउटा उल्लेख्य भागको मात्र आपूर्ति गर्दैन, माटाका विभिन्न घरेलु उपयोग र सजावटका सामानहरुको समेत नियमित आपूर्ति गर्दै आएको छ ।

तरकारी र माटाका भांडाकुंडा बाहेक घरेलु तानमा बुनिएका कपडा, चामल र च्युरा यहांका अन्य प्रसिद्ध उत्पादन हुन् । अझ मध्यपुर थिमिको टिकनीमा कुटिने “टिकनी बजी” को त आफ्नै महत्व छ । समयको प्रवाहसंगै अहिले टिकनीको नाममा “टिकनी बजी” लोपको अवस्थामा रहेको छ ।

शाक्य र बज्राचार्यहरुले परम्परागत रुपमा बनाउंदै आएका सुनचांदीका गहना र चित्रकारहरुले पुर्खाको बींडो थाम्दै बनाउंदै आएका मुकुण्डोहरु मध्यपुर थिमिका अन्य पहिचान हुन् ।

धार्मिक आस्थाको धरातलमा उभिएर हेर्ने हो भने यहां मूलतः हिन्दू र बौद्ध धर्मका अनुयायीहरुको बाहुल्य देख्न सकिन्छ । हिन्दु र बौद्धहरुबीच, र अझ समग्र रुपमा सबै धर्माबलम्बीहरुबीच अन्यत्र झैं रहंदै आएको सौहार्द्रता यहांको जनजीवनको एउटा अभिन्न हिस्सा नै भइसकेको छ ।

यस नगरमा बर्षेनी मनाईने विभिन्न खाले चाड पर्वहरुमा बिस्केट, सिथिनखः, गथामुगः, सापारु, मोहनी (दशैं), तिहार, शिवरात्री, होली र जिब्रो छेड्ने जाात्रा यहांका प्रसिद्ध जात्रापर्वहरु हुन् । जात्रापर्वको सन्दर्भमा बिक्रम सम्वत् अनुसार मनाइने नयां बर्षका बेला बिस्केट जात्रासंगै मनाइने यहांको सिन्दूर जात्रा अद्वितीय छ । दशौं हजार जनताको उल्लासमय उपस्थितिमा

मनाइने यो जात्राको आनन्द लिन यहां देशका अरु भाग र विदेशबाट समेत असंख्य आगन्तुकहरुको आगमन हुने गर्दछ ।

वोडे नीलबाराही (तान्त्रीक) नाच मध्यपुर थिमिको अर्को सांस्कृतिक पहिचान हो । बोडेमा मनाइने यो परम्परागत नाचसंगै नगदेशमा मनाइने महाकाली र पुलुकिसि नाच, अनि थिमिको भैरव नाच (तान्त्रीक), पोबुको घोडानाच तथा मरु टोलको ईन्द्र-अप्सरा नाचका रुपमा चिनिने राजकुमार नाचले मध्यपुर थिमिको छुट्टै पहिचान बनाउन मद्दत गरेका छन् ।

कलाकृतिको दृष्टिले पनि मध्यपुर थिमिको स्थिति बेजोड छ । भगवान् शिवले मानसरोवर र गोसाईकुण्ड भ्रमण गर्दाको कलाकृति होस् वा नगदेश सिद्धि गणेश द्योक्षेको सुनको झयाल र विशाल बुट्टेदार झ्याल तथा शिखर शैलीको प्रख्यात दिव्यश्वरी मन्दिर यो क्षेत्रको भ्रमण गर्ने जोकोही आगन्तुक पनि मोहित नभई बस्न सक्तैनन् । त्यसै गरी यत्रतत्र छरिएका ढुङ्गेधारा, पाटीपौवा र मठमन्दिरको शोभा बढाउन जडिएका काठ, माटो, ढुङ्गा र धातुका सामग्रीहरु पनि उतिकै मन्त्रमुग्ध पार्ने खालका देखिछन् ।पछिल्लो समयमा मध्यपुर थिमिमा स्थापित सार्क क्षयरोग केन्द्र तथा अन्य सरकारी शैक्षिक व्यावसायिक संस्थाहरुले पनि यो क्षेत्रको गरिमा बढाउन मद्दत गरेको छ । अरनिको राजमार्गले छिचोलेको यो ऐतिहासिक क्षेत्रमा बनेको यातायातको सञ्जाल र सञ्चार सुविधाले पनि यहांको गौरवलाई देश विदेशमा पुऱ्याउन सहयोग दिइरहेका छन् । सबभन्दा महत्वपूर्ण पक्ष, यहांका परिश्रमी जनताको संकल्प र श्रृजनशीलताले मध्यपुर थिमि आफैमा बेजोड बनेको छ र तिनै जनताको सामूहिक प्रयासले यो ऐतिहासिक नगरी भविष्यमा एउटा सुन्दर पर्यटकीय स्थल बन्नेछ भन्ने कुरामा मध्यपुर थिमि नगरपालिका विश्वास गर्दछ । मध्यपुर थिमि नगरपालिका आफनो त्यही बृहद् विश्वासलाई व्यबहारमा रुपान्तरित गर्दै जान कटिबद्ध छ ।

## ख प्रकोप व्यवस्थापन

### १.प्रकोपको अर्थ र यसका किसिम

प्रकोप भन्नाले मानबीय धनजनको आकस्मिक क्षति पुयाउने गरी हुने आगलागि, भूकम्प, बाढी, पहिरो, हुरी, महामारी, अनिकाल, आदि लाई जनाउछ । यस्ता प्रकोपबाट क्षणभर मैं ठूलो बिनास गराउंन सक्दछ । यसको कुनै पूर्वानुमान गर्न सकिंदैन । यसबाट हुने क्षति न्यूनिकरण गर्न पूर्वतयारी र प्रकोपको बेला सतर्कता र सचेत ब्यबहार अनि प्रकोप पछि तत्काल उद्वार र प्रकोप ब्यवस्थापनका लागि राहत बितरण र पुर्नस्थापना नै हो । प्रकोप ब्यवस्थापनको लागि राष्ट्रियस्तरमा र जिल्लास्तरमा प्रकोप ब्यवस्थापन समितिहरु रहेका छन् । नगरस्तरमा,

वडास्तरमा पनि त्यस्ता समितिहरु बनाउन सकिन्छ । पूर्व तयारीका लागि जनचेतनामूलक कार्यक्रम संचालन गर्ने, राहत कोषको व्यवस्था गर्ने, बिपतको बेला राहतका लागि संयोजन र सहयोग गर्ने आदि कामहरु न्गरपालिकाले आफ्नो क्षेत्रमा गर्न सक्दछ । प्रकोपबाट हुने क्षति कम गर्न भवन निर्माण मापदण्डलाई व्यवस्थित गरी प्रभावकारी रुपमा कार्यान्वयन गर्ने काममा नगरपालिकाको अहम भूमिका हुनेछ । यस बाहेक जिल्ला स्तरीय प्रकोप व्यवस्थापनलाई कार्यान्वयन गर्न समेत आवस्यक भूमिका खेल्नेछ

**२.प्रकोप व्यवस्थापन योजनाको आवश्यकता**

नगर क्षेत्रमा समय समयका घटने विभिन्न प्रकारका प्राकृतिक प्रकोप सम्बन्धी घटनाहरूलाई सम्भव भएसम्म हुन नदिन, न्यून गराउन र घटि हालेमा त्यस्ता विपत्तिमा परेका सर्वसाधारण जनतालाई राहत दिन एवं उद्धार गर्न र भत्किएका वा नष्ट भएका पूर्वाधारहरूको मर्मत संभार र पुनर्निर्माण गर्न तथा नगरमा स्वस्थ वातावरण कायम गर्न समेत प्रकोप व्यवस्थापन कार्यक्कको आवश्यकता पर्दछ ।

**३.प्रकोप व्यवस्थापन योजनाको उद्देश्य**

- प्राकृतिक विपद्मा परेका जनताको तत्काल उद्धारका निम्ति सहयोग पुर्‍याउने ।
- प्राकृतिक विपद्मा परेका जनताको उद्धार र राहतका निम्ति स्रोत,साधनको व्यवस्था गर्ने प्राकृतिक विपद्मा परेकाहरूलाई राहत सामग्री र आर्थिक सहायता उपलब्ध गराउने,विपद्मा परेकाहरूलाई अस्थायी बसोबास र खानपिनको व्यवस्था गर्ने । विपद्बाट क्षतिग्रस्त संरचनाको पुनर्निर्माण र मर्मत-संभारमा सहयोग पुर्‍याउने ।
- सर्वसाधारण जनतालाई विपद्को रोकथाम र त्यसबाट बच्ने उपायहरूकसम्बन्धमा चेतना जगाउने उपायहरू अवलम्बन गर्ने ।
- भूक्षयबाट बचाउन प्राकृतिक सम्पदाको संरक्षणमा सहयोग पुर्‍याउने ।

**४.प्रकोप व्यवस्थापन कार्यकम समन्वयात्मक रूपमा संचालन गरिने:**

प्रकोप व्यवस्थापन सम्बन्धी कार्यकम संचालन गर्दा जिल्ला विकास समिति,जिल्ला प्रशासन कार्यालय, रेडकस सोसाइटी र अन्य गैह्र सरकारी संस्था र सामुदायिक संस्थाहरूसंग मिलेर समन्वयात्मक रूपमा संचालन गर्नुपर्दछ ।

**५.मध्यपुर थिमी नगरपालिकामा प्रकोप**

माथि उल्लिखित प्रकोप मध्ये यस नगरपालिकामा पनि पछाडिका तीन अर्थात् भीर वा पहराबाट लड्नु,जङ्गली जनाबरको आकमणमा पर्नु,सर्प,बिच्छी आदिको डसाई बाहेक अरु प्राकृतिक प्रकोपहरू घटित हुन सक्दछन् । वर्षायाममा बाढी र पहिरो खास गरी हनुमन्ते खोला र मनोहरा खोलाले दुख दिने गरेको छ भने गर्मी मौसममा आगलागीका घटना घटन गई धनजनको क्षति हुने गरेको छ ।आगलागी नियन्त्रणका निम्ति आफ्नो कार्यालयमा दमकल नभएकाले

का.म.न.पा,ललितपुर न.पा.र भक्तपुर नपाको समेत सहयोग लिएर आगलागी नियन्त्रण गर्ने गरेको छ । असिना र अनावृष्टिका कारण पनि नगरवासीले समस्या बेहार्नुपरेको हुन्छ । कहिले काट्न वा थन्क्याउन ठिक्क परेको बाली असिनाले नोक्सान गर्छ भने कहिले अनावृष्टि भएर सुख्खाका कारण सबै अन्न बाली र तरकारी खेतीमा नोक्सानी पुग्छ । ध्यान दिएर होशियारीपूर्वक तयारी गर्नुपर्ने अर्को प्रकोप भूकम्प पनि हो । यो नगर अव्यवस्थित र पूर्वतयारी नभएको स्थितिमा छ । यसका निम्ति भवनहरू भूकम्पीय क्षति प्रतिरोधात्मक हुनुपर्छ । खुल्ला र व्यवस्थापन गर्न योग्य फराकिला बाटो र सुरक्षित स्थान पनि आवश्यक पर्छ । तर यस प्रकारको व्यवस्था हुन सकेको छैन । नक्सापास गर्दा भूकम्पीय क्षति प्रतिरोधात्मक भवन बनाउने गरी पास गर्नुपर्नेमा सो अनुसार गर्ने काम पनि शुरुवात गर्न पर्ने स्थिति छ ।

एकातिर नगरपालिका क्षेत्रका सडकहरू अत्यन्त सांगुरा छन् भने यातायातका साधनहरू दिनप्रतिदिन तीव्र रूपमा बढ्दै गएका छन् । अर्कातिर कोटेश्वरदेखि सूर्य विनायकसम्मको सडक अत्यन्त फराकिलो र स्तरीय छ । यसप्रकार अत्यन्त सांगुरा र फराकिला सडक पनि यहाँ छन् । विभिन्न प्राबिधिक ज्ञान तथा संयम र समझदारीको कमीका कारण यस न.पाको सडक यात्रामा हुने दुर्घटनाले धेरैको ज्यान गएको र धन एवं भौतिक पूर्वाधारको क्षति हुने गरेको छ । त्यस्तै सरसफाई र स्वास्थ्य ज्ञानको अभाव, असुरक्षित खानेपानी तथा असुरक्षित व्यवसायिक कार्यहरुले पनि बर्षेनी धेरै मानिस महामारीको चपेटामा पर्ने गरेका छन् । यसप्रकारका प्रकोपले विभिन्न समयमा मध्यपुरवासीलाई दुख दिइ रहेको हुन्छ ।
यसरी विभिन्न प्रकोपको चपेटामा पर्ने गरेकाले मध्यपुर थिमी नगरपालिकाले वर्षेनी बजेट बिनियोजन गरी प्रकोप व्यवस्थापन कार्यकम तयार गरी पारित गर्ने गरिएको छ । यसै सन्दर्भमा,आगामी वर्ष आ.व.०७०/०७१ का निम्ति समेत विभिन्न प्रकोप व्यवस्थापनका निम्ति बिनियोजन बजेट अनुसार यो प्रकोप व्यवस्थापन कार्यक्रम(Disaster management plan) तयार गरिएको छ ।

## ६.प्रकोप व्यवस्थापन पूर्वतयारी तथा प्रतिकार्य योजनाको अपेक्षित नतिजाः

विकास र प्रकोप वीच सन्निकट सम्बन्ध हुन्छ । प्रकोपहरू विकासका लागि संभवतः सबै भन्दा ठूला चुनौती हुन् । जब प्रकोपको घटना घट्छ, यसले जिउधनमा हानी गर्छ, घाइते बनाउँछ,जीविकोपार्जनका सम्पत्तिहरू तथा पूर्वाधारहरु नष्ट गर्छ । यसले विकासका गतिलाई सुस्त पार्छ एवं पछाडि धकेल्छ । तसर्थ प्रकोपबाट हुन सक्ने क्षतिलाई कम गर्न प्रकोपको पूर्व आंकलन गरी तयारी अवस्थामा रहनु नै यस प्रकोप पूर्वतयारी तथा प्रतिकार्य योजनाको मुख्य उद्देश्य हो । योजनाका अपेक्षित नतिजा यसप्रकार हुने छन् :–

क. सङ्कटाभिमुख समुदाय एवं क्षेत्रहरु पहिचान गरी जोखिम नक्शांकन तयार हुनेछ,

ख. नगर क्षेत्रमा मानवीय क्षेत्रमा कार्यरत संघ संस्थाहरु पहिचान गरी स्रोत र साधनको नक्शांकन हुनेछ,

ग. बिषयगत क्षेत्रहरूको कार्यसूची निमार्ण गरी प्रकोपको अवस्थामा प्रभावकारी प्रतिकार्य गर्ने सरल उपाय निर्माण हुनेछ,

घ. प्रकोप प्रभावितहलाई तत्काल उद्धार तथा राहत सेवा पुऱ्याउन सरल उपायहरू अवलम्बन गर्न सजिलो पर्नेछ ।

## प्रकोप व्यवस्थापनमा सम्बद्ध संघ संस्था र कार्यालयहरू :

यस न.पा भित्र प्रकोप व्यवस्थापनमा निम्न सम्बद्ध संघ संस्था र कार्यालयहरू रहेको छ । जस्तै नेपाल रेडकस सोसाइटी,नगरस्तरीय र जिल्लास्तरीय विकास सम्बन्धी कार्यालयहरू,जिल्ला विकास समिति,जिल्ला प्रशासन कार्यालय,नगरस्तरीय र जिल्लास्तरीय सामुदायिक संस्था र गैह्र सरकारी संस्थाहरू,अन्तराष्ट्रिय स्तरका गैह्र सरकारी संस्थाहरू,जिल्लास्तरीय र नगरस्तरीय प्रहरी कार्यालयहरू,नेपाली सेनाका स्थानीय व्यारेकहरू,नागरिक समाज,अन्य ।

तलको तालिकामा  प्रकोप पछिको व्यवस्थापनका बिबिध कृयाकलापहरु दिइएका छन् ।

| बिषयगत क्षेत्रहरु | अगुवा संस्था | सदस्यहरु | |
|---|---|---|---|
| १) सूचना खोज तथा उद्धार | जिल्ला प्रशासन कार्यालय | • नेपाली सेना<br>• शसस्त्र प्रहरी<br>• नेपाल प्रहरी<br>• नेपाल रेडक्रस सोसाइटी<br>• नेपाल टेलिकम | • स्थानिय एफ.एम.<br>• राजनीतिक दल<br>• स्थानिय निकाय |
| २) शिविर तथा आवास व्यवस्थापन | नेपाल रेडक्रस, मध्यपुर थिमि शाखा | • सामुदायिक वन<br>• स्थानिय क्लव<br>• नागरिक समाज<br>• गैरसरकारी संस्थाहरु | • जिल्ला शिक्षा कार्यालय<br>• राजनैतिक दलहरु |
| ३) सर्वेक्षण | नेपाल रेडक्रस, मध्यपुर थिमि शाखा | • नेपाल प्रहरी<br>• गा.वि.स./न.पा. | • जिल्ला शिक्षा कार्यालय<br>• राजनैतिक दलहरु |
| ४) राहत संकलन<br>- संकलन<br>- वितरण | • जिल्ला दैवि प्रकोप उद्धार समिति<br>• नेपाल रेडक्रस शाखा | • समितिका सदस्यहरु<br>• गै.स.स./अ.गै.स.दातृ संस्थाहरु<br>• नेपाल प्रहरी<br>• नागरिक समाज | • स्थानिय निकाय<br>• राजनैतिक दलहरु |
| ५) खानेपानी तथा स्वास्थ्य सरसफाई<br>- स्वास्थ्य उपचार<br>- खानेपानी | जिल्ला स्वास्थ्य कार्यालय<br>खानेपानी तथा सरसफाई डिभिजन कार्यालय | • नेपाल रेडक्रस सोसाइटी<br>• स्थानिय निकाय<br>• स्वास्थ्य क्षेत्रमा काम गर्ने संस्थाहरु<br>• स्वास्थ्य कार्यालय | • स्थानिय निकाय |
| ६) उद्धार सामाग्री तथा गोदाम व्यवस्थापन | जिल्ला विकास समिति | • स्थानिय प्रशासन | • नेपाल रेडक्रस<br>• अन्य सहयोगी संस्थाहरु<br>• उद्योग बाणिज्य संघ |
| ७) खाद्य तथा कृषि | जिल्ला दैवी प्रकोप | • कृषी सामाग्री संस्थान | • जिल्ला विकास समिति |

| | | | |
|---|---|---|---|
| | उद्धार समिति | • कर्मचारी मिलन केन्द्र | • जिल्ला शिक्षा कार्यालय |
| ८) पुनस्थापना तथा पुननिर्माण | जिल्ला विकास समिति | • जल उत्पन्न प्रकोप नियन्त्रण डि.का<br>• डिभिजन सडक कार्यालय<br>• जिल्ला वन कार्यालय | • डिभिजन सिंचाई कार्यालय<br>• गा.वि.स./न.पा. |
| ९) संरक्षण | महिला तथा बाल विकास कार्यालय | • जिल्ला वाल कल्याण संघ, | • सामुदायिक प्रहरी<br>• स्थानिय प्रतिनिधि |
| १०) शिक्षा | जिल्ला शिक्षा कार्यालय | • गै.स.स. | • अन्य सहयोगी निकायहरु |

प्रकोप व्यवस्थापन सम्बन्धी तर्कवद्ध योजना

| योजनाको सारांश | सूचकहरु | पूष्ट्याइका आधारहरु | जेखिम पक्षहरु |
|---|---|---|---|
| **उद्देश्य:** :<br>• नगरमा प्रकोप व्यवस्थापनको लागि आबश्यक व्यवस्था गरिने छ। | | | |
| **नतिजाहरु** | | | |
| • पूर्वतयारी जनचेतनामूलक कार्यहरु संचालन<br>• नगरस्तर र वडास्तरमा प्रकोप व्यबस्थापन समिति गठन भएको हुने<br>• राहत कोषको व्यवस्था हुने<br>• प्रकोप पछि तत्काल उद्धार र प्रकोप व्यवस्थापनका लागि राहत बितरण र पुर्नस्थापना हुनेछ | नगरपलिकामा प्रकोप ब्यबस्थापनको लागि सामुदायिक शाखा अन्तर्गत एउटा इकाइ गठन भएको हुनेछ<br>न. पा.को बार्षिक बजेटमा प्रकोप ब्यबस्थापन राहत कोषको ब्यवस्था हुनेछ।<br>समुदायस्तरमा पूर्बतयारी, पूर्वाभ्यासहरु भएको हुनेछ।<br>प्रकोपको बेला जिल्ला र केन्द्रको समन्वयमा प्रकोप न्युनीकरण सम्वन्धी कार्य भएको हुनेछ | • बार्षिक बजेट तथा कार्यक्रम<br>• जिल्ला प्रकोप व्यवस्थापन समितिको प्रतिबेदन<br>• अनुगमन प्रतिवेदनहरु<br>• बर्षिक प्रतिबेदनहरु | • दक्ष तालीम प्राप्त कर्मचारी पाउन कठिन<br>• श्रोतको सीमितता |

**<u>रणनीतिः</u>**

- प्रकोपको खतरा रहेको स्थानमा बस्ती बिस्तार कार्यलाई दुरुत्साहित गर्ने।
- सुरक्षित भवन निर्माणका लागि राष्ट्रिय भवन निर्माण संहिता अनुसार निर्माण सुरक्षाको मापदण्ड लागु गर्ने।
- प्रकोप सम्बन्धी जन चेतनाका लागि अन्य संघसंस्था मिलेर स्थानीय तहमा, बिद्यालयस्तरमा बिभिन्न कार्यक्रम संचालन गर्ने।

- राहत कोषको लागि बार्षिक रुपमा कोषका लागि बजेट राख्ने ।
- बिपतको बेला उद्वार तथा मानविय सहयोगको लागि अन्य निकाय र संस्थासंग मिलेर काम गर्ने
- एम्बुलेन्स, दमकलको नियमित मर्मत सम्भार गरी सधै तयारी अबस्थामा राख्ने ।
- प्रकोपको बेला नगर क्षेत्रमा जोखिमयूक्त स्थानहरुको पहिचान गरी आबश्यक शतर्कता अपनाउने ।

## आ.व.० ७०/०७१ मा संचालन गरिने प्रकोप व्यवस्थापन सम्बन्धी कार्यक्रम

| कमसंख्या | योजना र कार्यकमको नाम | वडा नं र स्थान | न. पा.बाट छुट्याइएको रकम | जनसहभागिता र अन्य स्रोत | | लाभान्वित जनसंख्या वा उपलब्धि | कैफियत |
|---|---|---|---|---|---|---|---|
| १ | बाढी नियन्त्रण एवं नदी नियन्त्रण कार्यकम | हनुमन्ते खोला वडा नं.११,१२,१३,१४,१५र १६<br>मनोहरा खोला वडा नं.१,४,१६ र १७ | १५,६०,०००। | | | सम्बन्धित वडाका जनताहरू | |
| २ | आगलागी र अन्य विपत्तिमा परेकालाई राहत कार्यकम | नगरपालिकाका घटना घटित हुने वडा र स्थानहरू | ३,०००००। | | | आगलागी र प्रकोप एवं विपत्तिमा परेका जनताहरू | |
| ३ | एम्बुलेन्स तथा दमकल संचालन | नगर पालिकाका सबै सबै वडाहरू | ६,०००००। | | | सबै वडाका जनताहरू | |

## आ. व. ०७०/०७१ मा संचालित प्रकोप व्यवस्थापन सम्बन्धी योजना र कार्यक्रमहरूको वार्षिक कार्यतालिका

| क्रमसंख्या | योजना र कार्यक्रमको नाम | प्रथम चौमासिक | दोस्रो चौमासिक | तेस्रो चौमासिक |
|---|---|---|---|---|
| १ | बाढी नियन्त्रण तथा नदी नियन्त्रण कार्यक्रम | | | |
| २ | आगलागी र अन्य प्रकोप र विपत्तिमा परेकालाई राहत कार्यक्रम | | | |
| ३ | एम्बुलेन्स तथा दमकल संचालन | | | |
| ४ | दमकल खरिद | | | |
| | | | | |
| | | | | |